कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २०/०८३
दर्ता मिति: २०८३/०६/२०

# कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८३

कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई संशोधन गर्न आवश्यक भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ३ मा संशोधनः** कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ (यस पछि "मूल कार्यविधि") भनिएको को दफा ३ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) रेशम खेती विस्तार मार्फत रेशम कीरापालन प्रवर्द्धन गरी कृषकहरुहरुको जीविकोपार्जनमा सुधार ल्याउने।"

३. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ मा,-

(१) दफा शिर्षकमा रहेको "राष्ट्रिय" भन्ने शब्द हटाईएको छ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नेपालमा उत्पादित महको उपभोग बढाउन र मह व्यवसायसँग सम्बन्धित कृषकलाई प्रोत्साहन गर्न, आम समुदायमा गुणस्तरीय मह तथा मौरीजन्य उत्पादनको महत्वका बारेमा जानकारी गराउन एवम् महको बजार प्रवर्द्धन गर्नका लागि मौरीपालन, मह तथा मौरीजन्य उपजहरुको उत्पादन, प्रशोधन, बजारीकरण, आयात, निर्यात आदिसँग सम्बन्धित व्यवसायी तथा उद्योगी र सरकारी तथा गैर सरकारी निकायसँगको सहकार्यमा मह मेला आयोजना गरिनेछ।"

४. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **मह मेला सञ्चालन प्रक्रियाः** (१) मह मेला राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्र र अन्य सरोकारवालासँगको संयुक्त आयोजनामा सञ्चालन हुनेछ।

(२) मह मेला सञ्चालनको लागि केन्द्र र सरोकारवालहरुसँगको आपसी समन्वयमा प्राविधिक, आर्थिक र भौगोलिक दृष्टिकोणले उपयुक्त स्थान छनौट गरिनेछ ।

(३) मेला सञ्चालन गर्दा स्टल निर्माण खर्च, मेला सञ्चालन गर्ने स्थानको भाडा, पत्रकार सम्मेलन, पालो पहरा (मेला स्थल सुरक्षार्थ), विज्ञापन खर्च, गोष्ठी सञ्चालन, सांस्कृतिक कार्यक्रम, प्रमाणपत्र तथा मायाको चिनो, उत्कृष्ट स्टल पुरस्कार, कृषक तथा उद्यमी र अन्य विधामा सम्मान, स्वागत गेट तथा मञ्च निर्माण, मसलन्द खर्च (ब्रोसियर, ब्यानर, फ्लेक्स बोर्ड, पोष्टर, ब्याच), स्वयंसेवक परिचालनको खाजा तथा खाना, उद्घाटन र समापन खर्च (खाजा, मञ्च सजावट), साउण्ड सिस्टम

सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(जेनेरेटर सहित) लगायतका शीर्षकहरूमा स्वीकृत वार्षिक बजेट र नेपाल सरकारको प्रचलित खर्चको मापदण्डको अधिनमा रही खर्च गर्न सकिनेछ ।

(४) स्टलमा राखिने कृषक, व्यावसायी तथा उद्यमी छनौट, कृषकहरूको आतेजाते, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन, मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन, गोष्ठी सञ्चालन तथा व्यवस्थापन, मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन, अतिथि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम सञ्चालन लगायतका कार्यमा सहकार्यमा संलग्न रहने सरोकारवालाहरुले सहयोगी भूमिका निर्वाह गर्नुपर्नेछ।

(५) मेलामा राखिएका स्टलहरू मध्ये विभिन्न विधामा उत्कृष्ट स्टल वा प्रदर्शन छनोटका लागि राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्रका प्रतिनिधि सहितको मूल्याङ्कन उपसमिति गठन गरी मूल्याङ्कनका आधारमा उत्कृष्ट स्टललाई पुरस्कृत गर्न सकिनेछ ।

(६) स्टलमा प्रदर्शन गर्ने व्यवसायी/कृषकहरूको मेला आयोजना स्थान सम्मको आतेजाते खर्च र सामान ढुवानी खर्चको व्यवस्थापन सहभागी स्वयमले गर्नुपर्नेछ ।"

५. **<u>मूल कार्यविधिको दफा ७ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **<u>स्थानीय तहसँगको साझेदारीमा नमूना सिल्क भिलेज स्थापना कार्यक्रम सञ्चालन प्रकृयाः</u>** (१) बाँझो र खेर गैरहेको जग्गाको सदुपयोग, रेशम खेतीको दिगो र एकीकृत मूल्य श्रृङ्खला स्थापना एवं प्रविधि प्रदर्शन सहित पर्यावरण मैत्री रेशम खेती तथा कृषि पर्यटन प्रवर्द्धन मार्फत रेशम खेतीको क्षेत्रफल विस्तार एवं रोजगारी सृजना गर्न सहयोग पुऱ्याउनु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि इच्छुक स्थानीय तह पहिचान गरी सम्बन्धित स्थानीय तहसँग समझदारी गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्गमा कृषक, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारी हुनेछन्।

(४) सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि लाभग्राहीको छनौट गर्नेछ।

(५) उपदफा (४) बमोजिम छनौट भएका लाभग्राहीसँग कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तह समेत रहने गरी त्रिपक्षीय सम्झौता गरिनेछ।

(६) प्रविधि प्रसारणका क्रियाकलापहरुमा नेपाल सरकार र स्थानीय तहको सतप्रतिशत अनुदान सहयोग रहनेछ। विरुवा, उत्पादन सामग्री र मेशिनरी औजार उपकरणमा लाभग्राहीको योगदान कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ। सामूदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत र नीजि पूर्वाधार निर्माणको हकमा अनुदानको हिस्सा बढीमा ५० प्रतिशत रहनेछ।

(७) यस कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहले समेत लागत साझेदारी गर्न सक्नेछ।

(८) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) किम्बु नर्सरी स्थापना

(ख) किम्बु विरुवा रोपण/बगैचा स्थापना

(ग) रेशम कीरापालनको लागि सामाग्री (ट्रे, बिसंक्रमण, माबुसी ईत्यादी) सहयोग

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(घ) रेशम कीरापालन घर निर्माण

(ङ) कोकुन भण्डारण, रेशम धागो उत्पादन तथा प्रशोधन सामाग्री सहयोग

(च) बजारीकरणको लागि प्रोत्साहान तथा बजार व्यवस्थापन सामाग्री सहयोग

(छ) क्षमता अभिबृद्धि तालिम/गोष्ठि र समन्वय बैठक

(ज) रेशम कीरापालनको उत्पादन र उप-उत्पादनको उपयोग गरी होमस्टे संचालन सहयोग

(झ) हस्तकला सामाग्री उधोग स्थापना सहयोग

(ञ) होर्डिङ्ग बोर्ड निर्माण ।

(९) यस कार्यक्रम सञ्चालनको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक चरणमा न्यूनतम १०,००० कटिङ्गको किम्बु नर्सरी स्थापना गरी न्यूनतम १० रोपनी क्षेत्रफलमा किम्बु बगैचा विस्तार गर्नु पर्ने ।

(ख) दोस्रो चरणमा कम्तीमा २ बाकस रेशम किरा पालन गर्नुपर्ने र यसका लागि स्थानीय आवश्यकता अनुसार प्राविधिक रुपले उपयुक्त कीरापालन घर निर्माण गर्नुपर्ने ।

(ग) तेस्रो चरणमा रेशम धागो प्रशोधन सम्बन्धी कार्य गर्नुपर्ने ।"

६. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ८ को सट्टामा देहायको दफा ८ राखिएको छः-

"८. **<u>किम्बु नर्सरी स्थापना कार्यक्रम सञ्चालन प्रकृया</u>**: (१) व्यावसायिक रेशम कीरापालन प्रवर्द्धनका लागि उन्नत जातको किम्बु नर्सरी स्थापनामा सहयोग गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्गमा कृषक, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारी हुनेछन्। सम्बन्धित स्थानीय तहको सिफारिस र प्राविधिक संभाव्यताका आधारमा लाभग्राहीको छनौट तथा सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(३) प्रविधि प्रसारणका क्रियाकलापहरुमा नेपाल सरकार र स्थानीय तहको सतप्रतिशत अनुदान सहयोग रहनेछ। विरुवा, उत्पादन सामग्री र मेशिनरी औजार उपकरणमा लाभग्राहीको योगदान कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ। सामूदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत र निजी पूर्वाधार निर्माणको हकमा अनुदानको हिस्सा बढीमा ५० प्रतिशत रहनेछ।

(४) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) उन्नत जातको किम्बु नर्सरी स्थापना,

(ख) मदखाद तथा जमिन तयारी खर्च,

(ग) किम्बु नर्सरी स्थापनाका लागि आवश्यक सामाग्री (जस्तै; हजारी, मल्च र टनेल प्लाष्टिक, रुटेक्स, कटिङ्ग आदी) खरिद,

(घ) ढुवानी खर्च,

(ङ) संरक्षित संरचना निर्माण,

(च) अभिमुखीकरण गोष्ठी, क्षमता अभिबृद्धि तालिम र समन्वय बैठक

(५) यस कार्यक्रम सञ्चालनको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

नेपाल ... कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(क) रेशम तथा च्याउ विकास कार्यालयले सिफारिस गरेको जातको न्यूनतम १०,००० कटिङ्गको किम्बु नर्सरी स्थापना गर्नुपर्ने ।

(ख) संरक्षित संरचना निर्माण गर्दा न्यूनतम ५ x १० वर्ग मि. को हुनुपर्ने। संरक्षित संरचनामा कटिङ्ग रोप्दा २ कटिङ्ग बिचको दुरी १० से.मी. र २ लाईन बिचको दुरी १५ से.मी. हुनुपर्ने।"

७. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को सट्टामा देहायको दफा ९ राखिएको छः-

"९. **सुलसुले (Mites) तथा इएफबी (European Foul Brood) व्यवस्थापन अभियान कार्यक्रमः** (१) सुलसुले (Mites) परजीवी प्रतिकुल मौसम र कमजोर गोला भएको अवस्थामा र इएफबी व्याक्टेरिया मौरीको लार्भा अवस्थामा आक्रमण गरी मौरीगोलामा ज्यादै क्षति पुर्याउने रोग भएका कारण यी दुवै समस्याबारे कृषकलाई समयमै सचेत गराई रोगको व्यवस्थापन तथा रोकथाम गर्नु यो कार्यक्रम सञ्चालनको उद्देश्य रहनेछ।

(२) यस अभियान कार्यक्रम सञ्चालन प्रकृया तथा शर्तहरु देहाय बमोजिम हुनेछनः-

(क) समस्याग्रस्त मौरीपालन पकेट क्षेत्रका कम्तिमा १० जना व्यावसायिक मौरीपालक कृषकको सहभागितामा संचालन गर्नुपर्नेछ,

(ख) एउटा अभियान कार्यक्रमको लागि कम्तिमा ३ पटक त्यस क्षेत्रको नियमित अनुगमन निरीक्षण गर्नुपर्नेछ,

(ग) पहिलो पटक कार्यक्रमको क्षेत्र पहिचान, कृषकलाई रोग तथा सुलसुलेका लक्षण पहिचान तथा व्यवस्थापनका बारेमा जानकारी गराउन एक दिने अन्तरकृया कार्यक्रम गर्नुपर्ने र समस्या व्यवस्थापन क्रममा प्रयोग गरिने विधिहरूको बारेमा स्पष्ट जानकारी गराउनु पर्नेछ,

(घ) अन्तरक्रिया कार्यक्रम पश्चात समस्याग्रस्त मौरीगोलामा व्यवस्थापनका विभिन्न उपायहरूको परीक्षणको प्रयोगात्मक अभ्यास सिकाउनु पर्नेछ,

(ङ) फिल्डमा देखिएका रोग तथा सुलसुलेको परीक्षणका लागि नमुना संकलन तथा प्रयोगशाला परीक्षण गरी परीक्षणको नतिजा सरोकारवाला कृषकलाई जानकारी गराउनु पर्नेछ,

(च) परीक्षण गरिएकाका मौरीगोलाहरुको निरीक्षण र व्यवस्थापनका तरीकाहरु कृषकलाई सिकाउनु पर्नेछ,

(छ) पहिलो पटकको कार्यक्रम भएको १०-१५ दिन पछि परीक्षणको नतिजा हेर्न सोही ठाउँमाच गई कृषकले उक्त समयमा गरेका क्रियाकलापको विश्लेषण गरी थप उपायहरु सिकाउनु पर्नेछ,

(ज) दोश्रो अनुगमनको करिब १ महिना पश्चात पुनः कार्यक्रम अनुगमनमा गई कृषकले अपनाएको सबैभन्दा प्रभावकारी व्यवस्थापनका लागि अपनाएका उपायको पहिचान गर्नुपर्नेछ,

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(झ) व्यवस्थापन परीक्षणका क्रममा पहिचान भएका उपायलाई लिखित रुपमै कृषकलाई उपलब्ध गराउनु पर्नेछ।

(ञ) अनुभव भएका बाली संरक्षण अधिकृत वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा यो कार्यक्रम संचालन गर्नु पर्नेछ।

(ट) कृषकलाई मौरीगोला व्यवस्थापनमा आवश्यक पर्ने सामग्री जस्तैः घुम्टी, रानु ढोका, रानु पिंजडा तथा आहारदानी साथै ल्यूर, पासो लगायत अत्यावश्यक वानस्पतिक, जैविक तथा रासायनिक औषधीको व्यवस्था कार्यालयले गर्न सक्नेछ।

(३) कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको परिधिभित्र रही विद्यमान आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च गर्नुपर्नेछ।"

८. **मूल कार्यविधिमको दफा १० मा संशोधनः** मूल कार्यविधिको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. **मौरीखर्कको समस्या निदान अभियान कार्यक्रमः** (१) मौरीपालन व्यवसायलाई असर पुर्याउने रोग, शत्रु तथा सुलसुले, बिषादी तथा अन्य व्यवस्थापनमा देखा पर्ने समस्याको निदान, पहिचान र व्यवस्थापनका लागि यो कार्यक्रम संचालन गरिनेछ।

(२) यस अभियान कार्यक्रम सञ्चालन प्रकृया तथा शर्तहरु देहाय बमोजिम हुनेछनः-

(क) समस्याग्रस्त मौरीपालन पकेट क्षेत्रमा गइ धेरै भन्दा धेरै मौरीपालक कृषकहरुको सहभागितामा संचालन गर्नुपर्ने,

(ख) कार्यक्रम संचालन अवधि २ कार्यदिनको हुने र संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई अग्रिम जानकारी दिन स्थानीय एफ.एम., रेडियोमा सूचना दिनुपर्ने,

(ग) तालिममा कृषकले ल्याएका नमूना र कृषकसँग लिईएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा उपलब्ध गराउनु पर्ने,

(घ) अनुभव भएका बाली संरक्षण अधिकृत वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा संचालन यो कार्यक्रम गर्नु पर्ने,

(ङ) आवश्यकता अनुसार रोग, कीरा तथा शत्रुजीव व्यवस्थापनका लागि ल्यूर, पासो, वानस्पतिक तथा रासायनिक विषादी (बोझो, निम, एपिस्टान, अक्जालिक एसिड, फर्मिक एसिड), साइडर, तथा मल्टिभिटामिन, औषधी वितरण गर्न सकिने।

(३) कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको परिधिभित्र रही विद्यमान आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च गर्नुपर्नेछ।"

९. **मूल कार्यविधिमा दफा १०क. थपः** मूल कार्यविधिको दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

"१०क. <u>मौरीमा आइ.पी.एम. कृषक पाठशाला सञ्चालनः</u> (१) कृषक पाठशालाको माध्यमबाट मौरीका रोग तथा शत्रुहरुको एकीकृत शत्रुजीव व्यवस्थापन प्रविधिबारे कृषकहरुमा निर्णय लिन सक्ने क्षमता विकास गर्नु यो कार्यक्रम सञ्चालनको उद्देश्य रहनेछ।

(२) मौरीमा आइ.पी.एम. कृषक पाठशालाका सिद्धान्तहरु देहाय बमोजिम रहनेछनः-

(क) असल मौरीपालन अभ्यासको प्रयोग (Use of Good Beekeeping Practice) गर्ने,

(ख) असल मौरीपालन अभ्यासको माध्यमबाट स्वस्थ र मजबुत मौरीगोला कायम गरी गुणस्तरिय मह तथा अन्य मौरीजन्य उत्पादन गरी आम्दानी बढाउनु,

(ग) मौरीहरुको सुरक्षा गर्नु (Conserve Honey Bees),

(घ) आफ्नो मौरी खर्कमा मौरीहरुलाई नाश गर्ने समस्याहरुको पहिचान गरी सुरक्षा गर्न सक्ने, शत्रु-जीव भए तापनि घरेलु उपायहरुबाट उत्पादनमा ह्रास नआउने तथ्य पहिचान गर्न कृषक स्वयम् सक्षम हुने,

(ङ) मौरी खर्कमा रहेका मौरी घारगोलाहरु र वरिपरिको मौरी चरन क्षेत्रको नियमित रुपले अवलोकन गर्नु (Observe Apiary and Bee hive Regularly),

(च) कृषकले आफ्नो मौरी घरहरुको नियमित रुपले अवलोकन गर्ने बानीको विकास गर्नु,

(छ) कृषकलाई नै दक्ष बनाउनु (Making Farmers Expert),

(ज) मौरी खर्कको वातावरण प्रणालीको विश्लेषण गर्दा र आफूले नियमित रुपले अवलोकन गर्दा भेटिएका समस्याहरुमा आधारित छलफलद्वारा सहि व्यवस्थापन गर्न सहि निर्णय लिन कृषक स्वयमलाई दक्ष बनाउन सघाउ पुर्याउने ।

(३) यस कार्यक्रमका लागि पालन गर्नुपर्ने न्युनतम शर्त/मापदण्ड देहायबमोजिम हुनेछनः-

(क) एक कृषक पाठशाला गरिने (कृषक पाठशालामा २० देखि ३० जना कृषक रहने),

(ख) मौरी पालन विकास कार्यालय प्रमुख, आइ.पी.एम. सहजकर्ता, जनप्रतिनिधि, स्थानीय तहका कृषि प्राविधिक, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन इकाईका विषय विशेषज्ञहरू समेत स्थलमा गई स्थानीय तहले निर्धारण गरेका मौरी पकेट/ब्लक/जोन/सुपरजोन क्षेत्रहरुमा गठन भइसकेका समूह वा समूह पुर्नगठन गर्नुपर्ने भए सो गरी नयाँ कृषक समूह वा महिला समूह वा मिश्रित समूहको समेत सहभागिता हुने गरी २०-३० जनाको कृषक समूह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने।

(ग) बिषयबस्तु/कार्यक्रमको उद्देश्य बारे जानकारी र पाठशाला संचालन स्थान तथा मौरीपालन कृषक पाठशालाको संचालन प्रक्रिया, विधि तथा स्थानीय

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

सहभागी, समाजसेवीहरु, स्थानीय संघ सस्थाको दायित्व, कर्तब्य एबं प्रतिवद्धता बारे छलफल गर्न पहिलो पूर्व तयारी गोष्ठी सञ्चालन गर्ने,

(घ) मौरीपालनमा लैङ्गिक तथा सामाजिक विश्लेषण, स्थानीय स्रोत नक्साङ्कन, मौरीपालन पात्रो तयारी, चरन पात्रो तयारी, कृषक पाठशालाको नामकरण र उपसमूह गठन तथा नामकरण गर्न दोश्रो पूर्व तयारी गोष्ठी सञ्चालन गर्ने,

(ङ) कृषक पाठशालामा गरिने परीक्षणहरु र पाठ्क्रमबारे छलफल गर्न तेश्रो गोष्ठी सञ्चालन गर्ने,

(च) तुलनात्मक अध्ययन तथा परीक्षणहरू सञ्चालन गर्न आवश्यक मौरी खर्क छनौट गर्ने र मौरीपालक कृषकहरु जम्मा भई छलफल गर्ने स्थान, दिन र समयको निर्धारण गरी तुलनात्मक अध्ययन तथा परीक्षणको लागि आवश्यक घार गोला लगायत अन्य औजार उपकरणहरु, ल्यूर, पासो, औषधि र मौरी पोषण आदिको व्यवस्था गर्ने,

(छ) उचित मौसम/ऋतु, भुगोल अनुसार कृषक पाठशाला साप्ताहिक, पाक्षिक वा मासिक रूपमा कम्तिमा १६ पटक सम्म सञ्चालन गर्नुपर्ने,

(ज) स्थानीय समस्यामा आधारित सहायक परीक्षणहरु सञ्चालन गर्न घार गोला लगायत अन्य औजार उपकरणहरु, ल्यूर, पासो, औषधि र मौरी पोषण आदिको व्यवस्था गर्ने,

(झ) कृषक पाठशाला सञ्चालनको अन्तमा बहुसरोकारवालाको सहभागितामा कृषक दिवस सञ्चालन गर्नुपर्ने,

(ञ) यस कार्यक्रमलाई कृषकस्तरमा पुऱ्याई निरन्तरता र दिगो रूप दिन अर्को बर्षदेखि अनुसरण कार्यक्रम सञ्चालन गर्ने र यसको लागि कृषक र विज्ञान कार्यक्रम, मूल्य श्रृङ्खला सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको परिधिभित्र रही विद्यमान आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च गर्नुपर्नेछ।"

१०. **मूल कार्यविधिमा दफा १०ख. थप:** मूल कार्यविधिको दफा १०क. पछि देहायको दफा १०ख. थपिएको छः-

"**१०ख. गुणस्तरीय रानी उत्पादन तथा बिक्री वितरण कार्यक्रम:** (१) गुणस्तरीय रानी उत्पादनबाट थप मजबुत, स्वस्थ्य एवम् गुणस्तरीय मौरीगोला उत्पादन मार्फत मह र मौरीजन्य उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याई रानी मौरीको जातिय/बंशाणुगत गुणमा सुधार गरी मौरीगोलालाई बढी उत्पादनशिल बनाउनु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) कार्यक्रम सञ्चालन प्रकृया तथा शर्तहरु देहाय बमोजिम हुनेछन:-

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(क) प्रदेश तथा स्थानीय तह, नेपाल मौरीपालक व्यवसायी महासंघ आदि सँगको समन्वयमा स्वस्थ रानोको माग संकलन गरी मौरी पालन विकास कार्यालयको लक्ष्य र मागको अवस्था समेत हेरी आवश्यकता र औचित्यताको आधारमा मागको प्राथमिकीकरण गरी स्वस्थ रानो बिक्री वितरण गर्नुपर्नेछ।

(ख) स्वस्थ रानो उत्पादनको लागि आवश्यक गुणस्तरिय स्वस्थ आमा गोला, मेशिनरी औजार उपकरण लगायत अन्य सामग्रीहरु आदिको व्यवस्थापन गर्नुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको परिधिभित्र रही विद्यमान आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च गर्नुपर्नेछ।"

११. **मूल कार्यविधिमा दफा १०ग. थप**: मूल कार्यविधिको दफा १०ख. पछि देहायको दफा १०ग. थपिएको छः-

१०ग. **मौरी चरन सर्भेक्षण तथा प्रकाशन (चरन पात्रो तयारी तथा भार वहन क्षमता अध्ययन) कार्यक्रम:**

(१) कुनै निश्चित भौगोलिक क्षेत्रमा व्यावसायिक मौरीपालन मार्फत मौरी गोला लगायत मौरीजन्य उपजहरु खास गरी पुष्प रस, पराग र प्रोपोलिसको स्रोतको रूपमा रहेको मौरी मैत्री बनस्पतिहरुको विवरण (उचित मौसम/ऋृतु र भुगोल अनुसार) समयानुकूल अद्यावधिक गर्न जङ्गली तथा खेती गरिने मौरी चरन मैत्री बोट विरूवा तथा बालीनालीहरुको विवरण, तिनीहरुको फूल फुल्ने समय र मौरी गोलाको भारवहन क्षमताबारे जानकारी संकलन गर्नु यस कार्यक्रम सञ्चालनको उद्देश्य रहनेछ।

(२) कार्यक्रम सञ्चालन प्रकृया तथा शर्तहरु देहाय बमोजिम हुनेछनः-

(क) डेस्क रिभ्यू मार्फत ब्यासायिक रूपमा मौरीपालन गर्न सकिने जिल्लाहरुको विवरण अद्यावधिक गरि प्राथमिकीकरण गर्ने,

(ख) प्राथमिकीकरणको आधारमा मौरी चरन सर्वेक्षणको लागि उपयुक्त जिल्ला छनौट गर्ने,

(ग) छनौट भएको जिल्लामा सरोकारवाला निकायहरु (स्थानीय तह, संघीय कृषि फार्म/ केन्द्र/ कार्यालयहरु, प्रदेश कृषि फार्म केन्द्र/कार्यालय, गैरसरकारी संघ संस्था, व्यावसायिक मौरीपालक कृषक, मौरीपालक संघसंस्थाका प्रतिनिधि) को भेला आयोजना गरी कार्यक्रम बारे अभिमुखीकरण तथा छलफल गर्ने,

(घ) अभिमुखीकरण तथा छलफलबाट छनौट भएका स्थानीय तहका चरन क्षेत्रहरुमा रहेका कृषक समूह, सहकारी तथा व्यावसायिक मौरीपालक कृषकहरुसँग मौरी चरन र व्यावसायिक मौरीपालन सम्बन्धि अन्तरकृया गोष्ठि, लक्षित समूह छलफल, स्थलगत मौरी चरन सम्बन्धि सर्भे गरी बार्षिक चरन पात्रो तयारी, पुष्परस र पराग संकलन, फिल्डस्तर तथा प्रयोगशाला परीक्षण गरी भारवहन क्षमता तयारी गर्ने,

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(ङ) मौरी चरन सर्भेक्षण कार्य सम्पन्न भए पश्चात जिल्लास्तर प्रमाणीकरण कार्यशाला गोष्ठी सञ्चालन गर्ने,

(च) सबै कृयाकलापहरूको एकीकृत प्राविधिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने।

(३) कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको परिधिभित्र रही विद्यमान आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च गर्नुपर्नेछ।"

१२. **मूल कार्यविधिको दफा २४ मा संशोधन**: मूल कार्यविधिको दफा २४को उपदफा (१) मा रहेका "२१ दिनको" भन्ने शब्दहरुको सट्टामा "१५ दिनको" भन्ने शब्दहरु राखी " प्रस्ताव आव्हान गर्नुपर्नेछ।" भन्ने शब्दहरु पछि "साथै, उक्त सूचना आवश्यकता अनुसार नियमानुसार राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्न सकिनेछ।" भन्ने वाक्यांश थपिएको छ ।

१३. **मूल कार्यविधिको दफा ३३ मा संशोधन**: मूल कार्यविधिको दफा ३३ को उपदफा (१) मा रहेको मूल्याङ्कन समितिको सट्टा देहायको मूल्याङ्कन समिति राखिएको छ:-

"(क) वरिष्ठ कृषि इन्जिनियर, राष्ट्रिय कृषि इन्जिनियरिङ्ग तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र -संयोजक
(ख) कृषि इन्जिनियर, राष्ट्रिय कृषि इन्जिनियरिङ्ग तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य
(ग) आर्थिक प्रशासन प्रमुख, राष्ट्रिय कृषि इन्जिनियरिङ्ग तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य
(घ) कानून अधिकृत, मन्त्रालय वा विभाग वा अन्य सरकारी निकाय - सदस्य
(ङ) खरिद एकाई प्रमुख, राष्ट्रिय कृषि इन्जिनियरिङ्ग तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र -सदस्य सचिव"

१४. **मूल कार्यविधिको दफा ४५ मा संशोधन**: मूल कार्यविधिको दफा ४५ को उपदफा (१) मा रहेको प्रमाणीकरण शूल्क अनुदान सिफारिस समितिको सट्टा देहायको प्रमाणीकरण शूल्क अनुदान सिफारिस समिति राखिएको छ:-

"(क) प्रमुख, राष्ट्रिय माटो स्वास्थ्य तथा प्राङ्गारिक कृषि प्रवर्द्धन केन्द्र, -संयोजक
(ख) प्रमुख, कृषि पशुपन्छी व्यवसाय तथा व्यपार प्रवर्द्धन शाखा , मन्त्रालय - सदस्य
(ग) उपसचिव प्रतिनिधि (प्रा.), कृषि व्यवसाय प्रवर्द्धन तथा लैङ्गिक समता शाखा, विभाग -सदस्य
(घ) उपसचिव प्रतिनिधि (प्रा.), राष्ट्रिय तरकारी बाली विकास केन्द्र - सदस्य
(ङ) उपसचिव प्रतिनिधि (प्रा.), राष्ट्रिय फलफूल बाली विकास केन्द्र - सदस्य
(च) प्रतिनिधि, कृषि उद्यम केन्द्र - सदस्य
(छ) शाखा प्रमुख, प्राङ्गारिक कृषि तथा असल कृषि अभ्यास प्रवर्द्धन शाखा, राष्ट्रिय माटो स्वास्थ्य तथा प्राङ्गारिक कृषि प्रवर्द्धन केन्द्र -सदस्य-सचिव"

१५. **मूल कार्यविधिको दफा ५२ मा संशोधन**: मूल कार्यविधिको दफा ५२ को उपदफा (१) मा रहेको प्राविधिक समितिको सट्टा देहायको प्राविधिक समिति राखिएको छ:-

"(क)उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, विभाग -अध्यक्ष
(ख)अधिकृत प्रतिनिधि, नेपाली सेना -सदस्य
(ग)कृषि बैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य
(घ)प्रमुख, कृषि सामग्री व्यवस्थापन शाखा, मन्त्रालय -सदस्य
(ङ)प्रमुख, कृषि सामग्री व्यवस्थापन शाखा, विभाग -सदस्य-सचिव"

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

१६. **मूल कार्यविधिको दफा ५९ मा संशोधन**: मूल कार्यविधिको दफा ५९ को उपदफा (१) मा रहेको मूल समारोह समितिको सट्टा देहायको मूल समारोह समिति राखिएको छः-

| | | |
|---|---|---|
| (क) | "महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सहसचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र | सदस्य |
| (घ) | प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | सदस्य |
| (ङ) | प्रमुख, राष्ट्रिय प्लान्ट क्वारेन्टाइन तथा वायोसेक्युरिटि केन्द्र | सदस्य |
| (च) | उपमहानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | उपमहानिर्देशक, योजना, अनुगमन तथा प्रशासन महाशाखा, कृषि विभाग | सदस्य |
| (ज) | प्रमुख, कृषि बजार विकास तथा मार्केट इन्टलिजेन्स केन्द्र | सदस्य |
| (झ) | निर्देशक, राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ञ) | प्रतिनिधि, अध्यक्षले तोकेको केन्द्रीय आयोजना/परियोजनाको प्रमुख-२ जना | सदस्य |
| (ट) | अध्यक्ष, एग्रोनोमी सोसाईटी अफ नेपाल | सदस्य |
| (ठ) | प्रतिनिधि, समितिले तोकेको धान बालीसँग सम्बन्धित रहेर काम गर्ने अन्तराष्ट्रिय गैर सरकारी संस्थाको प्रतिनिधी - २ जना | सदस्य |
| (ड) | प्रमुख, राष्ट्रिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य-सचिव" |

१७. **मूल कार्यविधिको दफा ६५ मा संशोधन**: मूल कार्यविधिको दफा ६५ को उपदफा (१) मा रहेको राष्ट्रिय विश्व खाद्य दिवस समितिको सट्टा देहायको राष्ट्रिय विश्व खाद्य दिवस समिति राखिएको छः-

| | | |
|---|---|---|
| (क) | "महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (घ) | प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र | सदस्य |
| (ङ) | उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| (च) | उप-महानिर्देशक, योजना, अनुगमन तथा प्रशासन महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | उप-महानिर्देशक,पशु विकास तथा मानव संशाधन महाशाखा, पशु सेवा विभाग | सदस्य |
| (ज) | प्रमुख, राष्ट्रिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| (झ) | प्रमुख, राष्ट्रिय तरकारी बाली विकास केन्द्र, कीर्तिपुर | सदस्य |
| (ञ) | प्रमुख, राष्ट्रिय फलफुल बाली विकास केन्द्र | सदस्य |
| (ट) | प्रमुख, राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ठ) | प्रतिनिधि, विश्व खाद्य तथा कृषि सङ्गठन, नेपाल | सदस्य |
| (ड) | प्रमुख, कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| (ढ) | वरिष्ठ कृषि अर्थ विज्ञ, योजना तथा जनशक्ति शाखा, कृषि विभाग | सदस्य-सचिव" |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

१८. **मूल कार्यविधिको दफा ७१ मा संशोधन**: मूल कार्यविधिको दफा ७१ को उपदफा (१) मा रहेको माटो दिवस मूल समारोह समितिको सट्टा देहायको माटो दिवस मूल समारोह समिति राखिएको छः-

(क) "महानिर्देशक, कृषि विभाग -अध्यक्ष
(ख) सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय -सदस्य
(ग) उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग -सदस्य
(घ) उप-महानिर्देशक, योजना, अनुगमन तथा प्रशासन महाशाखा, कृषि विभाग -सदस्य
(ङ) निर्देशक, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य
(च) प्रमुख, राष्ट्रिय माटो स्वास्थ्य तथा प्राङ्गारिक कृषि प्रवर्द्धन केन्द्र -सदस्य
(छ) प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन, नेपाल -सदस्य
(ज) अध्यक्ष, नेपलिज सोसाईटी अफ सोयल साइन्स -सदस्य
(झ) माटो व्यवस्थापन क्षेत्रमा काम गर्ने निजी संस्था मध्येबाट अध्यक्षले तोकेको एक जना प्रतिनिधि -सदस्य
(ञ) वरिष्ठ माटो विज्ञ, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन शाखा, कृषि विभाग -सदस्य-सचिव"

१९. **मूल कार्यविधिको दफा ७७ मा संशोधन**: मूल कार्यविधिको दफा ७७ को उपदफा (१) मा रहेको राष्ट्रिय कृषि जैविक विविधता दिवस मूल समारोह समितिको सट्टा देहायको राष्ट्रिय कृषि जैविक विविधता दिवस मूल समारोह समिति राखिएको छः-

(क) "महानिर्देशक, कृषि विभाग -अध्यक्ष
(ख) सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय -सदस्य
(ग) महानिर्देशक, पशुसेवा विभाग -सदस्य
(घ) प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र -सदस्य
(ङ) प्रमुख, बीउविजन गुणस्तर नियन्त्रण केन्द्र -सदस्य
(च) उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग -सदस्य
(छ) उप-महानिर्देशक, योजना अनुगमन तथा प्रशासन महाशाखा, कृषि विभाग -सदस्य
(ज) प्रमुख, राष्ट्रिय कृषि आनुवांशिक श्रोत केन्द्र (जीन बैंक), नेपाल कृषि अनुसन्धान परिषद -सदस्य
(झ) प्रमुख, राष्ट्रिय पशु प्रजनन तथा आनुवांशिक अनुसन्धान केन्द्र -सदस्य
(ञ) प्रतिनिधि, विश्व खाद्य तथा कृषि सङ्गठन, नेपाल -सदस्य
(ट) कार्यकारी निर्देशक, ली-वर्ड -सदस्य
(ठ) अध्यक्ष, सामुदायिक बीउ बैङ्क सङ्घ नेपाल -सदस्य
(ड) जैविक विविधता क्षेत्रमा काम गर्ने निजी संस्थाबाट एक जना प्रतिनिधि -सदस्य
(ढ) प्रमुख, राष्ट्रिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र - सदस्य-सचिव"

२०. **मूल कार्यविधिको दफा ८३ मा संशोधन**: मूल कार्यविधिको दफा ८३ को उपदफा (१) मा रहेको राष्ट्रिय विश्व मौरी दिवस मूल समारोह समितिको सट्टा देहायको राष्ट्रिय विश्व मौरी दिवस मूल समारोह समिति राखिएको छः-

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

| | | |
|---|---|---|
| (क) | "महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र | सदस्य |
| (घ) | उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| (ङ) | प्रमुख, राष्ट्रिय वाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| (च) | प्रमुख, मौरी पालन विकास कार्यालय, गोदावरी | सदस्य |
| (छ) | वैज्ञानिक प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (ज) | प्रतिनिधि, लीबर्ड, नेपाल | सदस्य |
| (झ) | प्रतिनिधि, ईसिमोड नेपाल | सदस्य |
| (ञ) | प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन नेपाल | सदस्य |
| (ट) | प्रतिनिधि, नेपाल मौरीपालन केन्द्रिय सहकारी संघ लिमिटेड, चितवन | सदस्य |
| (ढ) | प्रतिनिधि, नेपाल मौरीपालक महासंघ, चितवन | सदस्य |
| (ण) | प्रतिनिधि, नेपाल मह व्यवसायी संघ | सदस्य |
| (त) | प्रमुख, राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्र | सदस्य-सचिव" |

**२१. मूल कार्यविधिको दफा ८८ पछि देहायको दफा ८८क., ८८ख., ८८ग., ८८घ., ८८ङ. र ८८च. थपिएका छन:-**

**"८८क. <u>राष्ट्रिय च्याउ दिवस मूल समारोह समितिको गठनः</u>** (१) सङ्घीय स्तरमा राष्ट्रिय च्याउ दिवस कार्यक्रम मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकको अध्यक्षतामा देहाय बमोजिमको राष्ट्रिय च्याउ दिवस मूल समारोह समिति रहनेछः-

| | |
|---|---|
| महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| सहसचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र | सदस्य |
| प्रमुख, राष्टिय प्लान्ट क्वारेन्टाइन तथा वायोसेक्युरिटि केन्द्र | |
| उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| प्रमुख, राष्ट्रिय वाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| प्रमुख, रेशम तथा च्याउ विकास कार्यालय, खोपासी | सदस्य |
| वैज्ञानिक प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| वैज्ञानिक प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| प्रतिनिधि, ईसिमोड नेपाल | सदस्य |
| प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन, नेपाल | सदस्य |
| प्रतिनिधि, च्याउ उत्पादक किसान संघ, ललितपुर | सदस्य |
| प्रमुख, राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्र, हरिहरभवन | सदस्य-सचिव |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(२) समितिले कार्यक्रमलाई व्यवस्थापन गर्न आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ।

(३) समितिले विषय विज्ञ वा अन्य पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकताअनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(५) समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) हरेक वर्ष राष्ट्रिय च्याउ दिवस कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमिति गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा राष्ट्रिय च्याउ दिवसको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

**८८ख.** <u>राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरुः</u> दफा ८८क. बमोजिमको समितिले निर्धारण गरेका कार्यक्रमका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सकिनेछः-

(क) राष्ट्रियस्तरका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) केन्द्रीयस्तरको च्याउ सम्बन्धी Talk Programme तथा गोष्ठी सञ्चालन गर्ने।

(ग) केन्द्रियस्तरमा च्याउ मेला आयोजना गर्ने।

(घ) मेला सञ्चालन गर्दा स्टल निर्माण खर्च, मेला सञ्चालन गर्ने स्थानको भाडा, पत्रकार सम्मेलन, पालो पहरा (मेला स्थल सुरक्षार्थ), विज्ञापन खर्च, गोष्ठी सञ्चालन, सांस्कृतिक कार्यक्रम, प्रमाणपत्र तथा मायाको चिनो, उत्कृष्ट स्टल पुरस्कार, कृषक तथा उद्यमी र अन्य विद्यामा सम्मान, स्वागत गेट तथा मञ्च निर्माण, मसलन्द खर्च (ब्रोसियर, ब्यानर, फ्लेक्स बोर्ड, पोष्टर, ब्याच), स्वयंसेवक परिचालनको खाजा तथा खाना, उद्घाटन र समापन खर्च (खाजा, मञ्च सजावट), साउण्ड सिस्टम (जेनेरेटर सहित) लगायतका शीर्षकमा स्वीकृत वार्षिक बजेट र नेपाल सरकारको प्रचलित खर्चको मापदण्डको अधिनमा रही खर्च गर्न सकिनेछ। कार्यक्रममा

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

सरोकारवालाहरुले विभिन्न कृयाकलापहरुमा सहकार्य गरि खर्च गर्न सक्ने छन् ।

(ङ) च्याउ खेतीको अध्ययन अनुसन्धान विकास कार्यमा संलग्न व्यक्ति/ उद्योगी/ समूह /सहकारी तथा अन्य निकायलाई अभिनन्दन/ सम्मान/ पुरस्कारको व्यवस्था गर्ने।

(च) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह, समिति छनौटको मापदण्ड तथा पुरस्कारको रकम दफा ८८क. बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८८ग. **प्रदेशस्तरमा समिति गठन गर्न सकिने:** राष्ट्रिय च्याउ दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेश स्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तर च्याउ दिवस कार्यक्रम समन्वय समिति गठन गर्न सकिनेछ।

८८घ. **सञ्चालन हुने मुख्य क्रियाकलापहरुः** प्रदेशस्तर राष्ट्रिय च्याउ दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) प्रदेश/जिल्लास्तरका सञ्चार माध्यमबाट अन्तरक्रिया/संवाद कार्यक्रम सञ्चालन गर्ने,

(ख) कृषकहरूको सहभागितामा च्याउ मेला आयोजना गर्ने,

(ग) च्याउ खेती सम्बन्धी सामग्री प्रकाशन र वितरण गर्ने,

(घ) प्रदेश/जिल्लास्तरमा उपलब्ध च्याउ विविधताको सूची तयार गर्ने,

(ङ) च्याउ खेती प्रवर्द्धनात्मक कार्य, प्रोत्साहन मूलक कार्य, प्रकाशन तथा अभिलेखीकरणका कार्यहरू गर्ने,

(च) गोष्ठी सम्वाद आदिका माध्यमबाट क्षमता विकास तथा प्रचार प्रसार गर्ने,

(छ) च्याउ खेती सम्वद्ध व्यक्तिलाई नागरिक अभिनन्दन/सम्मान/पुरस्कारको व्यवस्था गर्ने,

(ज) च्याउ खेती सम्वद्ध कार्यमा संलग्न संस्था/समूह/समितिलाई सम्मान/ पुरस्कारको व्यवस्था गर्ने,

(झ) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह र समितिको छनौटको मापदण्ड र पुरस्कारको राशि दफा ८८ग. बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८८ङ. **स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिनेः** राष्ट्रिय च्याउ दिवस मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर राष्ट्रिय च्याउ दिवस कार्यक्रम समन्वय समिति गठन गर्न सकिनेछ।

८८च. **सञ्चालन हुने मुख्य क्रियाकलापहरुः** दफा ८८ङ. बमोजिमको स्थानीयस्तर राष्ट्रिय च्याउ दिवस कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-

(क) स्थानीय सञ्चार माध्यमहरूबाट प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(ख) स्थानीय च्याउ मेला आयोजना गर्ने।

(ग) च्याउ खेती सम्बद्ध प्रविधि र सामग्री संकलन तथा प्रदर्शन गर्ने ।

(घ) च्याउको उपभोग तथा च्याउ खेती प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने।

(ङ) च्याउ खेतीमा संलग्न व्यक्ति/ संस्था/ समूह/ समितिलाई सम्मान/पुरस्कारको व्यवस्था गर्ने ।

(च) पुरस्कृत हुने व्यक्ति, संस्था, समूह र समितिको छनौटको मापदण्ड र पुरस्कारको राशि दफा ८८ङ. बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **मूल कार्यविधिको दफा ८८च. पछि देहायका दफा ८८छ., ८८ज., ८८झ., ८८ञ., ८८ट. र ८८ठ. थपिएका छनः-**

"**८८छ. <u>परागसेचन सप्ताह कार्यक्रम समन्वय समितिको गठनः</u>** (१) परागसेचन सप्ताह मनाउने सन्दर्भमा आवश्यक व्यवस्थापन गर्न कृषि विभागका महानिर्देशकज्यूको अध्यक्षतामा देहाय बमोजिमको परागसेचन सप्ताह कार्यक्रम समन्वय समिति रहनेछः-

| | |
|---|---|
| महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र | सदस्य |
| उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| प्रमुख, राष्ट्रिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| प्रमुख, मौरी पालन विकास कार्यालय, गोदावरी | सदस्य |
| वैज्ञानिक प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| प्रमुख, राष्टिय प्लान्ट क्वारेन्टाइन तथा वायोसेक्युरिटि केन्द्र | सदस्य |
| प्रतिनिधि, ईसिमोड नेपाल | सदस्य |
| प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन, नेपाल | सदस्य |
| प्रतिनिधि, नेपाल मौरीपालन केन्द्रिय सहकारी संघ लिमिटेड, चितवन | सदस्य |
| प्रतिनिधि, नेपाल मौरीपालक महासंघ, चितवन | सदस्य |
| प्रतिनिधि, नेपाल मह व्यवसायी संघ | सदस्य |
| प्रमुख, राष्टिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, हरिहरभवन | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार प्राविधिक उपसमिति गठन गर्न सक्नेछ।

(३) समितिले विषय विज्ञ वा अन्य पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(५) समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) हरेक वर्ष परागसेचन सप्ताह कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउन एवं व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गर्ने।

(ख) प्राविधिक उपसमितिले गरेको सिफारिसको आधारमा परागसेचन सप्ताहको राष्ट्रियस्तरको मूल नारा तय गर्ने।

(ग) परागसेचन सप्ताहलाई भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम संचालनका लागि विभाग वा बजेट विनियोजन भएको केन्द्रलाई कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ङ) समारोहको सन्दर्भमा आवश्यक सामग्रीहरु तयारी तथा प्रचार प्रसार गर्ने।

(च) दिवसको सन्दर्भमा सन्देश प्रवाहका लागि समन्वय गर्ने।

८८ज. <u>राष्ट्रियस्तरमा सञ्चालन हुने मुख्य क्रियाकलापहरु</u>ः सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा राष्ट्रियस्तरमा देहाय बमोजिमका क्रियाकलापका अतिरिक्त दफा ८८छ. बमोजिमको समितिले निर्धारण गरे बमोजिमका अन्य कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः-

(क) राष्ट्रिय स्तरमा नारा तय गर्ने।

(ख) राष्ट्रिय पत्रिकामा सम्माननीय प्रधानमन्त्रीज्यूको शुभकामना सन्देश प्रकाशन गर्ने।

(ग) रेडियो नेपाल मार्फत माननीय कृषि, वन तथा वातावरण मन्त्रीज्यूको शुभकामना सन्देश प्रसारण गर्ने।

(घ) वालीमा परागसेचनको महत्वबारे विज्ञ एवम् विशिष्ट महानुभावबीच परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(ङ) परागसेचन सेवा लगायत विश्व खाद्य तथा कृषि सङ्गठनबाट तय भएको नारा सहित सम्वद्ध सरोकारवालाहरुको सहभागितामा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(च) फ्लेक्स तथा ब्यानर, पोष्टर/पम्प्लेट र परागसेचन सप्ताह/नारा अंकित टिसर्ट तथा टोपी लगायतका सामग्री छपाई/प्रकाशन तथा वितरण गर्ने।

(छ) परागसेचन सम्बद्द जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ज) राष्ट्रिय स्तरमा लेखरचना, निबन्ध, चित्रकला लगायतका प्रतियोगिता सञ्चालन गर्ने।

(झ) परागसेचन सेवा प्रदायकहरुलाई देश भरिबाट दफा ८८छ. बमोजिमको समितिले निर्धारण गरेको मापदण्डको आधारमा मूल्याङ्कन गरी समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशि प्रदान गरी पुरस्कृत गर्ने।

(ञ) कार्यपत्र प्रस्तुति, विशिष्ट व्यक्तिहरुको मन्तव्य तथा पुरस्कार वितरण सहितको मूल समारोह आयोजना गर्ने।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

८८झ. **<u>प्रदेशस्तरमा कार्यक्रम व्यवस्थापनको लागि समिति गठन गर्न सकिने:</u>** परागसेचन सप्ताह मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित प्रदेशस्थित कृषि हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिमको एक प्रदेशस्तरमा परागसेचन सप्ताह कार्यक्रम समन्वय समिति गठन गर्न सकिनेछ ।

८८ञ. **<u>सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u>** दफा ८८झ. बमोजिमको प्रदेशस्तर परागसेचन सप्ताह कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापहरुका अतिरिक्त प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) माननीय मुख्यमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने।

(ख) माननीय कृषि मन्त्रीको रेडियो सन्देश प्रसारण गर्ने।

(ग) प्रदेशको समग्र परागसेचन सेवा प्रयोग र असरको अवस्थाबारे टेलिभिजनमा सम्बन्धित विषय विज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(घ) परागसेचन सप्ताहको लागि राष्ट्रियस्तरमा तय भएको नारा लेखिएका प्ले कार्ड तथा फ्लेक्स र व्यानरसहित कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थी, पत्रकार तथा सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभावहरु समेतको सहभागितामा प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने।

(च) परागसेचनको महत्वबारे जनचेतना फैलाउन र परागसेचन सेवा बढाउन सरकारी तथा गैरसरकारी क्षेत्रमा काम गर्ने निकायबीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने।

(छ) व्यानर, पोष्टर, पम्प्लेट र परागसेचन सप्ताह दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाई/प्रकाशन तथा वितरण गर्ने।

(ज) प्रदेशस्तरमा परागसेचन सेवाको प्रयोग र प्रदान गर्ने कृषकहरू तथा निकायहरूलाई दफा ८८झ. बमोजिमको समितिले निर्धारण गरे मापदण्ड बमोजिम छनौट गरि तोकिए बमोजिमको राशि हुनेगरी पुरस्कृत गर्ने।

(झ) मूख्य समारोह आयोजना गरी परागसेचन सप्ताहका विविध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।

(ञ) परागसेचन सप्ताह कार्यक्रमको प्रतिवेदन राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्रमा उपलब्ध गराउने।

८८ट. **<u>स्थानीयस्तरमा कार्यक्रम व्यवस्थापनका लागि समिति गठन गर्न सकिने</u>**: परागसेचन सप्ताह कार्यक्रम मनाउने सम्बन्धमा आवश्यक समन्वयका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिमको एक स्थानीयस्तर परागसेचन सप्ताह कार्यक्रम समन्वय समिति गठन गर्न सक्नेछ ।

८८ठ. **<u>सञ्चालन हुने मुख्य क्रियाकलापहरु:</u>** दफा ८८ट. बमोजिमको स्थानीयस्तर परागसेचन सप्ताह कार्यक्रम समन्वय समितिले निर्धारण गरेका क्रियाकलापका अतिरिक्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछः-

(क) स्थानीय तहमा रहेका माध्यामिक तथा उच्च माध्यामिक तहमा पढ्ने विद्यार्थीबीच सम्बन्धित बर्षमा निर्धारण गरिएको परागसेचन सप्ताह दिवसको नारा शिर्षकमा

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

निबन्ध प्रतियोगिता गराई समितिले निर्धारण गरेबमोजिम मापदण्ड अनुसार छनौट भएका उत्कृष्ट प्रतियोगीलाई पुरस्कृत गर्ने।

(ख) निबन्ध प्रतियोगिताको पुरस्कार राशि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) कृषक, महिला तथा बुद्धिजीवीहरूको सहभागितामा प्रवचन जस्ता कार्यक्रम आयोजना गरी जनसाधारणमा सचेतना अभिवृद्धि गर्ने।

(घ) परागसेचन सेवा प्रवर्द्धनका लागि कृषक समूह तथा सहकारीको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी परागसेचनको महत्व सम्बन्धी जनचेतना फैलाउने।

(ङ) स्थानीयस्तरमा परागसेचन सेवा पुऱ्याउने कृषक तथा निकायलाई दफा ८८ट. बमोजिमको स्थानीयस्तर परागसेचन सप्ताह कार्यक्रम समन्वय समितिले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार छनौट गरी उक्त समितिले निर्धारण गरे बमोजिमको पुरस्कार राशी प्रदान गरी पुरस्कृत गर्ने।

(च) उक्त सप्ताह सम्पन्न भए पश्चात सोको प्रतिवेदनको साथै आफ्नो जिल्लामा परागसेचन सेवाको प्रयोग तथा असरको स्थितिको विस्तृत विवरण तयार गर्ने।

(छ) परागसेचन सप्ताह कार्यक्रमको विवरण राष्ट्रिय प्रतिवेदनको लागि राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्रमा उपलब्ध गराउने।

२३. **मूल कार्यविधिको दफा ८९ मा संशोधनः** मूल कार्यविधिको दफा ८९ को उपदफा (१) मा रहेको विषादी प्रयोगमुक्त सप्ताह कार्यक्रम समन्वय समितिको सट्टा देहायको विषादी प्रयोगमुक्त सप्ताह कार्यक्रम समन्वय समिति राखिएको छः-

| | | |
|---|---|---|
| (क) | "महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख) | सह-सचिव, कृषि विकास तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, राष्ट्रिय प्लान्ट क्वारेन्टाइन तथा वायोसेक्युरिटि केन्द्र | सदस्य |
| (घ) | प्रमुख, कृषि सञ्चार तथा मानव संशाधन केन्द्र | सदस्य |
| (ङ) | उप-महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (च) | उप-महानिर्देशक, कृषि प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग | सदस्य |
| (छ) | प्रमुख, राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्र | सदस्य |
| (ज) | वैज्ञानिक प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| (झ) | प्रतिनिधि, विश्व कृषि तथा खाद्य सङ्गठन नेपाल | सदस्य |
| (ञ) | प्रतिनिधि, पेष्टिसाइड एसोसियसन नेपाल | सदस्य |
| (ट) | वरिष्ठ बाली संरक्षण अधिकृत, कृषि विभाग | सदस्य-सचिव' |

२४. **मूल कार्यविधिको दफा ९४ पछि देहायका दफा ९४क., ९४ख., ९४ग, ९४घ., ९४ङ., ९४च. र ९४छ. थपिएका छनः-**

"९४क. **फलफूल प्रवर्द्धन कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य फलफूल बालीसँग सम्बन्धित संघीय फार्म/केन्द्र रहेको जिल्ला र आसपासका जिल्लामा स्थानीय तहहरूसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरी फलफूल प्रवर्द्धनमा सहयोग पुर्याउनु रहेको छ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

९४ख. **कार्यक्रम सञ्चालन हुने स्थानीय तह र लाभग्राही छनौटः** फार्म/केन्द्रले फलफूल बाली प्रवर्द्धन प्रयोजनार्थ आपसी समन्वयमा कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित फर्म/ केन्द्रमा अनुरोध गरेका स्थानीय तहहरूमध्ये सम्भाव्यता र आवश्यकताको आधारमा स्थानीय तह छनौट गरी यो कार्यक्रम सञ्चालन गर्नेछ। स्थानीय तहको सिफारिसमा फलफूल नर्सरी रहेका वा स्थापना गर्न चाहने वा फलफूल खेती गरिरहेका वा गर्न चाहने उद्यमी कृषक, कृषक समूह, कृषि सहकारी छनौट गरिनेछ। कार्यक्रम सञ्चालन गर्नुपूर्व सम्बन्धित फार्म/केन्द्र, स्थानीय तह र लाभग्राहीसँग औपचारिक सहमति वा सम्झौता गर्न सकिनेछ।

९४ग. **सञ्चालन गरिने कार्यक्रमहरुः** नयाँ बगैंचा स्थापना कार्यक्रम अन्तर्गत देहाय बमोजिमका गतिविधिहरु सञ्चालन गर्न सकिनेछः-

(क) माटो परीक्षण सेवा एवं माटो सुधारको लागि कृषि चुन, जैविक मल, प्राङ्गारिक मल आदि वितरण तथा प्रयोग,

(ख) बगैंचा व्यवस्थापन/स्थापना गर्ने स्थानका कृषकहरूलाई अभिमुखिकरण तथा स्थलगत तालिम,

(ग) फलफूल बिरुवा रोपणको लागि पूर्व तयारी (खाडल खन्ने, माटो निर्मलिकरण गर्ने, ले आउट गर्ने आदि),

(घ) उन्नत जातका फलफूल बिरुवा वितरण र रोपण कार्य,

(ङ) सिँचाइ सामग्री, साना कृषि औजार, विषादी तथा अन्य कृषि सामग्री वितरण तथा प्रयोग,

(च) कार्यक्रमको बारेमा जानकारी दिने होर्डिङ वोर्ड स्थापना,

(छ) रोग कीरा नियन्त्रण सम्बन्धी अन्य क्रियाकलापहरू,

(ज) प्राविधिक अनुगमन तथा प्रमाणिकरण कार्यहरू,

(झ) नियमित अनुगमन तथा पृष्ठपोषण।

९४घ. **फलफूल नर्सरी सुदृढीकरण सहयोगः** कार्यक्रम सञ्चालन हुने स्थानीय तहको क्षेत्रभित्र रहेका फलफूलका नर्सरीहरूको सुदृढीकरणको लागि माउबोटको PCR परीक्षण, प्राविधिक अनुगमन, माउ बोट वितरण तथा अन्य सामग्री सहयोग जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

९४ङ. **कार्यक्रममा प्राथमिकताः** उल्लिखित कार्यक्रमबाहेक फार्म/केन्द्रमार्फत सञ्चालन हुने नियमित कार्यक्रमहरूमा समेत छनौट भएका स्थानीय तहहरूलाई विशेष प्राथमिकता दिई सहभागी गराउन सकिनेछ।

९४च. **कार्यक्रमको खर्च तथा सीमाः** (१) केन्द्र प्रमुखबाट दफा ९४क. देखि ९४ङ. सम्मका कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गर्नु गराउनु पर्नेछ। स्थानीय तहसँगको समन्वयमा कार्यक्रम सञ्चालनका लागि सम्झौता बमोजिम दोहोरोपना नहुने गरी लागत साझेदारी समेत गर्न सकिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(२) प्रविधि प्रसारणका क्रियाकलापहरु सतप्रतिशत अनुदानमा सञ्चालन गर्न सकिनेछ भने मेशिनरी औजार उपकरण एवं पूर्वाधार निर्माणका कार्यक्रमहरुमा ५० प्रतिशत लाभग्राहीको साझेदारी सुनिश्चित गर्नुपर्नेछ।

९४छ. <u>कार्यक्रम अनुगमन र पृष्टपोषणः</u> फार्म/केन्द्रले कार्यक्रम सञ्चालन गरिएको स्थान तथा कार्यक्रमको प्रगति सम्बन्धमा नियमित जानकारी लिई प्राविधिक पृष्ठपोषण दिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानीय तहका कृषि प्राविधिकहरूसँग समन्वय गरी नियमित प्राविधिक भ्रमणको व्यवस्था मिलाइनेछ।

२५. <u>मूल कार्यविधिको ९४छ. पछि देहायको दफा ९४ज., ९४झ., ९४ञ. र ९४ट. थपिएका छन्:-</u>

"९४ज. <u>आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालनको उद्देश्यः</u> वातावरणीय सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बाली शत्रुहरूको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरूमा विकास गर्ने उद्देश्यले वर्ष भरिनै वा कुनै एक बालीमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्ने एवम् आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रूपमा रहेको कृषक समूहलाई नै आधार बनाई बाली अवधिभर कृषक पाठशालाको रूप दिई कृषकहरुकै माध्यमबाट आइ.पि.एम. प्रविधिलाई व्यावहारिक, प्रयोगात्मक तथा खोजपूर्ण सिकाइको विकास गर्दै स्थलगत रूपमा नै यो कार्यक्रम सञ्चालन गरिनेछ।

९४झ. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> (१) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः-

(क) कृषक पाठशाला तालिम प्राप्त सहजकर्ता, सहायक सहजकर्ता र कृषक सहजकर्ता मार्फत मात्र सञ्चालन गर्नुपर्नेछ,

(ख) कृषक पाठशालाका सहभागी सदस्यहरु समावेशी सिद्धान्त बमोजिम २० देखि अधिकतम ३० जना मात्र समावेश गर्नुपर्नेछ,

(ग) मौसमी बालीको हकमा बाली अवधिभर र वहुवर्षे बाली वा पशुपन्छीको हकमा ९-१२ महिनासम्म पाठशाला सञ्चालन गर्नुपर्नेछ। पूर्व तयारी बैठक (तीन पटक), कृषि पर्यावरण प्रणाली अनुगमन र विश्लेषण (कम्तिमा १० पटक), कृषक दिवस र पाठशाला सम्पन्न पश्चात अनुसरण क्रियाकलाप तोकिए बमोजिम हुनेछ।

तर फलफूल, चिया, मौरी र माछामा कृषक पाठशाला सञ्चालन गर्दा एक पटक मात्र पूर्वतयारी बैठक बस्न सकिनेछ।

(घ) मौसमी बालीको हकमा वार्षिक रूपमा बढीमा तीन पटकसम्म कृषक पाठशाला सञ्चालन गर्न सकिनेछ। साथै, सिजनल बाली अवधिभरको पाठशाला साप्ताहिक रूपमा र बहुबर्षे बाली वा पशुपन्छीको हकमा आवश्यकता अनुसार पाक्षिक वा मासिक रूपमा बढिमा बीस पटकमा नबढ्ने गरी सधै विहान ७:०० बजे देखी १२:०० बजेसम्म सञ्चालन गर्नुपर्नेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

(ङ) पाठशाला अन्तर्गत तुलनात्मक अध्ययन तथा परीक्षणहरु अनिवार्य रूपमा सञ्चालन गर्नुपर्नेछ।

(च) स्थानीय समस्यामा आधारित सहायक परीक्षण तथा Zoo र Cup अध्ययन अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। सहायक परीक्षणको लागि सिजनल कृषि बालीमा कम्तिमा २ वर्ग मिटर क्षेत्रफल, बहुवर्षे बालीमा १० वटा बिरूवा, खायन माछाको लागि २० वटा माछा, भूरा माछा उत्पादनको लागि ४-४ वटा भाले र पोथी, बाख्रामा ४ वटा पाठापाठी, गाई र भैंसीको हकमा २ वटा पाडा वा बाच्छा र कुखुराको हकमा ४ वटा चल्ला प्रति परिक्षण हुनुपर्नेछ। सहायक परिक्षण २ वटा उपसमुहमा गर्न सकिनेछ।

(छ) कृषक पाठशाला देहाय बमोजिमका विषयमा सञ्चालन गर्न सकिनेछः-

- एकीकृत शत्रुजीव व्यवस्थापन
- एकीकृत खाद्यतत्व व्यवस्थापन
- जलवायु अनुकूलित कृषि प्रविधि
- असल कृषि अभ्यास
- कृषि उद्यम र बजार श्रृङ्खला विकास।

(ज) आइ.पि.एम. कार्यक्रमलाई कृषकस्तरमा पुऱ्याई निरन्तरता र दिगो रूप दिन अर्को वर्षदेखि अनुसरण (Follow up) कार्यक्रमका लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

९४ञ. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालय, विभाग, र केन्द्रिय निकायले एकल वा संयुक्त अनुगमन गर्न सक्नेछ। सशर्त अनुदान अन्तर्गत सञ्चालित पाठशाला सञ्चालन र व्यवस्थापनको अनुगमन संघीय मन्त्रालय, विभाग, केन्द्रिय निकाय, प्रदेश अन्तर्गतको मन्त्रालय/निकाय वा स्थानीय तहले गर्न सक्नेछ।

(२) स्थानीय तहबाट सशर्त कार्यक्रम अन्तर्गत सञ्चालित कृषक पाठशालाको विवरण सम्बन्धित स्थानीय तहले प्रदेश सरकार अन्तर्गतको कृषि क्षेत्र हेर्ने मन्त्रालय र प्रदेश सरकार अन्तर्गतको कृषि क्षेत्र हेर्ने मन्त्रालयले कृषि विभागमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

९४ट. **खर्च सम्बन्धी मापदण्डः** (१) यस कार्यक्रम बमोजिम सञ्चालन हुने कृषक पाठशालाका लागि बाली/वस्तु अनुसार आवश्यक कृषि सामग्री व्यवस्थापनको लागि खर्च गर्ने मापदण्ड जिल्ला/स्थानीय दररेट अनुसार हुनेछ।

(२) पाठशाला सञ्चालन सम्बन्धी अन्य विषय (जस्तैः प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, खाजा, मसलन्द लगायत पाठशाला सञ्चालन सामग्रीहरू) मा खर्च गर्ने मापदण्ड संघीय वा प्रदेश सरकारको स्वीकृत कार्य सञ्चालन निर्देशिका तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम हुनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

मा. गिता चौधरी कृषि, वन तथा पर्यावरण मन्त्री

२६. <u>हेरफेरः</u> मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टामा "कृषि, वन तथा पर्यावरण मन्त्रालय", "व्यवसायिक कीट विकास केन्द्र" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय बाली संरक्षण तथा विषादी नियमन केन्द्र", "बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र" र "कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय कृषि इन्जिनियरिङ्ग तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र" भन्ने शब्दहरु राखी हेरफेर गरिएको छ।

सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं